गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
एकीकृत सेवा कार्यालय
गोरखा, नेपाल
☎०६४४२०२२९/९८५६०४०२२९

पत्र संख्याः ०८२।८३
च. नं.: 66

## प्रस्ताव आह्वान सम्बन्धि सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८२।०७।२७)

यस कार्यालयको वार्षिक कार्यक्रम अनुसार समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम **(CBR)** संचालन गर्नको लागि स्थानीय तहमा अपांगता भएका व्यक्तिहरुको क्षेत्रमा कार्यरत संस्थाहरुबाट कार्यक्रमहरु संचालन गर्नु पर्ने भएको हुँदा इच्छुक संस्थाहरुले **२१ (एक्काइस) दिन भित्र** कार्यालयको क्षेत्रगत शर्तको अधिनमा रही कार्यालयले तोकेको ढाँचामा (प्रस्तावको ढाँचा कार्यालयको वेभसाइट **sdogorkha.gandaki.gov.np मा समेत डाउनलोड गर्न** सकिनेछ) तपशिल बमोजीमका कागजातहरु संलग्न गरि रीतपुर्वकको कार्यक्रम प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

संलग्न गर्नु पर्ने कागजातः

- रितपुर्वक भरिएको कार्यक्रम प्रस्ताव **(स्वीकृत वार्षिक कार्याक्रम कार्यान्वयन मापदण्ड,** २०८२ बमोजिम )।
- सम्बन्धित स्थानीय तहमा रहेका लक्षित अपाङ्गता भएका व्यक्तिहरुको संख्या र अपाङ्गताको प्रकार
- सम्बन्धित स्थानीय तहको सिफारिस ।
- कार्यक्रम सञ्चालनको अनुमानित रकम समेतको विस्तृत विवरण।
- संस्था दर्ताको प्रमाणित प्रतिलिपि, संस्थाको विधान नवीकरण र लेखापरीक्षण सम्बन्धी कागजातहरु।
- राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशमा अवद्धताको प्रतिलिपी, भौतिक पूर्वाधारको अवस्था, संस्थामा जनशक्तिको अवस्था, संस्थाको कार्यानुभव।
- कार्यक्रम सञ्चालनको कार्ययोजना संस्थाबाट प्रदान गर्दै आएका सेवाहरुको विवरण।
- प्रसताव पेश गर्ने संस्थाले १० वटै प्रकारका अपाङ्गता भएका व्यक्ति वा तिनका परिवारका सदस्यहरलाई समावेश गर्ने गरी सीपमुलक तालिम कार्यक्रम तथा व्यवसाय उद्यम सञ्चालन वीउ पूँजी वितरण गर्ने कार्यक्रमहरु संचालनका लागि प्रस्ताव पेश गर्नुपर्ने ।

पुनश्चः **स्वीकृत वार्षिक कार्याक्रम कार्यान्वयन मापदण्ड,** २०८२ बमोजिम मूल्याङ्कन गरिनेछ ।

थप जानकारीका लागि सामाजिक विकास कार्यालय गोरखाको फोन नं ०६४४२०२२९ मा सम्पर्क राख्न सक्नु हुनेछ ।

कार्यालय प्रमुख
सामाजिक विकासतर्फ
दशरथ शर्मा
कार्यालय प्रमुख